| | | |
|---|---|---|
| २ | समाचार मञ्च (भक्तपुर) | १) २०६४ भाद्र २ गतेको अंकमा प्रकाशित 'आत्मनिर्भरताको बाटोमा अपाङ्ग' शिर्षकको (मीना शर्मा, पृष्ठ ३) लेख आगो साप्ताहिक २०६४ साउन १२ गतेको अंकको पृष्ठ ५ मा सोहि शिर्षकमा जस्ताको तस्तै हुबहु प्रकाशित ।<br>२) २०६४ साउन १३ गतेको अंकमा २ पेजमा प्रकाशित 'पदार्थ र चेतना' शिर्षकको लेख कार्तिक २५ गतेको अंकमा (२ पेजमै) जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>३) २०६४ साउन २० गतेको अंकमा प्रकाशित 'राष्ट्रको समस्याप्रति गम्भिर हुनु जरुरी' शिर्षकको सम्पादकीय र 'किन सुध्रिदैन स्वास्थ्य क्षेत्र' शिर्षकको लेख भाद्र १६ गतेको अंकमा जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>४) २०६४ साउन २७ गतेको अंकमा प्रकाशित 'फिल्मका नयाँ नयाँ अनुहारहरु' शीर्षकको लेख २०६४ माघ २० र चैत्र २४ गतेको अंकमा जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>५) २०६४ भाद्र ९ गतेको अंकमा प्रकाशित 'नेपालको दातृ संस्था र नेपालको भूगोल' शीर्षकको लेख मंसीर ९ गतेको अंकमा जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>६) २०६४ भाद्र २३ गतेको अंकमा प्रकाशित २ पेजको सबै सामग्री पुस २२ गतेको अंकको २ पेजमै सबै सामग्री जस्ताको तस्तै हुबहु प्रकाशित । भाद्र २३ गतेकै ३ पेजमा प्रकाशित 'एड्स विरुद्ध गित गाउँदै छन् धरानका महिला' शिर्षकको लेख फागुन २६ गतेको अंकमा (६ पेजमा) जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>७) २०६४ भाद्र ३० गतेको अंकमा प्रकाशित 'हुलाकी सुराकी र छापामारको आधार' र 'उपचारको अभावमा छटपटाएकी चेली' (६ पेजमा प्रकाशित) शिर्षकको समाचार तथा भाद्र ३० कै अंकमा २ पेजमा प्रकाशित सबै सामग्री पुस २९ र २०६५ वैशाख २२ गतेको अंकमा (२ पेज र ६ पेजमा) जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>८) २०६४ अशोज ६ गतेको अंकमा प्रकाशित 'सरकारी नीति आलोच्य' शिर्षकको सम्पादकीय र पृष्ठ २ मा प्रकाशित 'वर्तमान एकात्मकवादी शिक्षा प्रणाली र क्रान्तिकारी आन्दोलन' शिर्षकको लेख २०६५ जेठ २६ गतेको अंकसंग जस्ताको तस्तै हुबहु । २०६५ असार १ गतेको अंकमा लेख मात्र हुबहु ।<br>९) २०६४ असोज १३ गतेको अंकमा पृष्ठ २ मा प्रकाशित सम्पादकीय लगायत अन्य सबै सामग्री मंसीर १६ गतेको अंकको पृष्ठ २ मा जस्ताको तस्तै दोहोऱ्याएर प्रकाशित ।<br>***नोटः*** यो पत्रिकामा प्रकाशित अन्य अंकका सामग्रीहरु पनि एक अर्कामा हुबहु रहेको पाईएको छ साथै पेज पुऱ्याउने उद्देश्यले ३ र ४ पृष्ठ एकै पटक छापिएको हुनसक्ने देखिन्छ किनभने ३ र ४ पृष्ठमा छापिएका धारावाहिक अश्लिल सामग्री र अन्य सामग्री सिलसिलेवार रुपमा मिलाएर राखिएको पनि पाईएन । |